**(छ)"खेलाडी"** भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्छ।

**(ज)"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्छ।

**(झ)"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधिमा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

**(ञ)"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

**(ट)"प्रशिक्षक"** भन्नाले त्रिवेणी गाउँपालिकाद्धारा संचालित खेलकूद प्रशिक्षणको प्रशिक्षक सम्झनु पर्छ।

**(ठ)"प्रशिक्षार्थी"** भन्नाले त्रिवेणी गाउँपालिकाद्धारा संचालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बन्ध सिकारु खेलाडी सम्झनु पर्छ।

**(ड)"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्छ।

**(ढ)"सदस्य"** भन्नाले खेलकूद विकास समितिका सदस्य सम्झनु पर्छ।

**(ण)"सदस्य-सचिव"** भन्नाले खेलकूद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

**(त)"संयोजक"** भन्नाले खेलकूद विकास समितिको संयोजकलाई सम्झनु पर्छ।

**(थ)"शाखा प्रमुख"** भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको शिक्षा शाखा प्रमुख सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्धेश्य

३. खेलकूद विकास समितिका उद्धेश्यहरुः

**(क)** गाउँको खेलकूदलाई व्यवसायिक रुपमा विकास गर्नको लागि नियमित खेलकूद प्रशिक्षण संचालन गर्ने।

**(ख)** कला, संस्कृति र खेलकूद विकास प्रतिष्ठा वृद्धिमा खेलकूदको माध्यमले सहयोग पुऱ्याउने।

**(ग)** गाउँ क्षेत्र भित्रको खेलकूद प्रतियोगिता संचालन गर्न तथा सम्बन्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने।

**(घ)** स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने।

**(ङ)** टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकूद संघ संस्थालाई परिचालन गर्ने।

